annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३५०, पृष्ठ १२ | काठमाडौं, बुधबार १६ वैशाख २०८३ | वैशाख शुक्लपक्ष त्रयोदशी, नेपाल संवत् ११४६ | WEDNESDAY, APRIL 29, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## तथ्यांकमा मात्र मल, किसानको हातमा छैन

नेपालमा हरेक वर्ष रोपाइँको समयमा दोहोरिने रासायनिक मल अभाव अझै समाधान हुन सकेको छैन। सरकारले मल आपूर्तिलाई उच्च प्राथमिकतामा राख्दै मौज्दात पर्याप्त रहेको दाबी गरे पनि असारपछिको अवस्थाबारे अन्योल कायमै छ। अन्तर्राष्ट्रिय संकट, सीमित आपूर्ति क्षमता र माग-आपूर्तिबीचको ठूलो खाडलले समस्या थप जटिल बनाइरहेको छ। दीर्घकालीन समाधानका रूपमा मल कारखाना स्थापनाको चर्चा बारम्बार उठे पनि कार्यान्वयन भने अझै अगाडि बढ्न सकेको छैन।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*




समाचार पृष्ठ २

## गोक्योको लामो हिमनदीले ल्याउँदैछ त्रासदी

### गाउँपालिका भन्छ- अध्ययनै भएन



**खुम्बु क्षेत्रमा पर्ने गोक्योस्थित मुलुककै लामो हिमनदी ङ्गोजोम्पा।** ● बालकृष्ण बस्नेत

**बालकृष्ण बस्नेत** | *गोक्यो (सोलुखुम्बु)*

नेपालको सबैभन्दा लामो हिमनदी हो ङ्गोजुम्पा। जलवायु परिवर्तनका कारण खुम्बुको माथिल्लो गोक्यो भेगमा पर्ने यो नदीले दिनानुदिन खतरा निम्त्याइरहेको छ। तर, अध्ययन छैन, पर्याप्त बजेट पनि छैन। संघीय सरकारमात्र होइन, यससम्बन्धी अनुसन्धान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायको समेत ध्यान पुगेको छैन।

परिणामत: दुई दशकको अवधिमा यो हिमनदीमा आनको तान फरक देखिएको छ। पृथ्वीको तापक्रम बढेसँगै हिमनदी पग्लिएर पानीको सतहमा व्यापक फेरबदल आएको छ। जमिनमाथि साना दुई दर्जनभन्दा बढी ताल उब्जिएका छन्। एकैचोटी हिमनदी पग्लिए वा विस्फोट भए परिणाम के हुने भन्ने त्रासदी कायमै छ।

हिमनदीमाथि देखिएका नाटकीय परिवर्तन र पोखरीहरूको संख्या देखेर विज्ञहरू आश्चर्यमा परेका छन्। यसै साता उक्त क्षेत्र पुगेका हिमनदी विज्ञ अरुणभक्त श्रेष्ठ भन्छन्, 'सबैभन्दा उल्लेखनीय परिवर्तन भनेको हिमनदीको तल्लो भागमा गेगरले ढाकिएको क्षेत्रमा भएको हिमनदी पग्लिएर सतह तल झर्नु हो। हिमनदी माथिका पोखरीहरूको संख्या र आकारमा भएको नाटकीय वृद्धि हो।'

श्रेष्ठका अनुसार यी पोखरीहरू पहिले तल्लो 'टर्मिनस' क्षेत्रमा मात्र केन्द्रित थिए। तर, अहिले माथिल्लो भागमा समेत देखिन थालेका छन्। 'अबचाहिँ हामी गम्भीर हुनैपर्छ। विस्फोट हुनुअघि नै पर्याप्त अध्ययन, अनुसन्धान भई प्रकोपबाट जोगिनुपर्ने अवस्था टड्कारो छ।'

समुद्री सतहभन्दा ४ हजार ८ सय मिटरमाथि रहेको गोक्यो क्षेत्रमा एकातिर विभिन्न रमणीय ताल छन्। गोक्यो पहिलो, दोस्रो, तेस्रो, चौथोसम्म चर्चित छन्। जमिनको एकातिर रहेको 'फ्रेस वाटर ताल'मा विभिन्न जीव आश्रित छन्। मनमोहक ती तालको दृश्य अवलोकन गर्न देश-विदेशबाट पर्यटकको घुइँचोसमेत लाग्ने गरेको छ। अर्को धारमा भने हिमनदीको त्रासदीपूर्ण अवस्था छ। तीमध्येकै एक हो- ङ्गोजुम्पा।

ङ्गोजुम्पा हिमनदी विश्वको छैटौं अग्लो हिमाल चोयुको फेदीमा अवस्थित छ। यो नेपालको सबैभन्दा लामो हिमनदी हो। यसको लम्बाइ झन्डै ३६ किलोमिटर छ। सगरमाथा राष्ट्रिय निकुञ्जभित्र अवस्थित यो हिमनदी गोक्यो क्षेत्रको पानीको महत्वपूर्ण स्रोतसमेत हो। र, यो दूधकोशी नदीको उद्गम स्थल हो। यति खतराजनक अवस्था नदेखिए पनि २ वर्षअघि यही हिमनदी रहेको गाउँपालिका खुम्बु पासाङल्हामुमा पर्ने थामेमा विशाल हिमपहिरो गएको थियो। त्यसले बस्ती नै बगाएको थियो। उक्त पहिरोपछि यूएनडीपी, इसिमोड, अमेरिका हिमालयन फाउन्डेसनसहितले सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी) मार्फत अध्ययन गर्दै पूर्वसूचना प्रणालीसमेत थामेमा जडान गरेका थिए। गोक्यो क्षेत्रमा भने यति काम समेत हुन नसकेकामा चिन्ता व्यक्त गर्छन् गाउँपालिका अध्यक्ष मिङ्मा छिरिङ शेर्पा। 'कम्तीमा यो क्षेत्रमा समेत पूर्वसूचना प्रणाली हुनुपर्छ भनेर हामीले कराइरहेका छौं। संघीय सरकारलाई अध्ययन, अनुसन्धानका लागि पर्याप्त बजेट र समन्वय हुनुपर्छ भनेर झकझक्याइरहेका छौं,' शेर्पा भन्छन्, 'तर, हाम्रो सुनुवाइ भइरहेको छैन।'

जलवायु परिवर्तन र पर्यटन प्रबर्द्धनमा क्रियाशील संस्था 'साथसाथै' ले यसै साता यो क्षेत्रमा 'गोक्यो क्लाइमेट समिट' सम्पन्न गरेको छ। त्यसक्रममा विज्ञहरू, प्रशासक, वातावरण अभियन्ता, सञ्चारकर्मीसहित पुगेर त्यहाँको वस्तुस्थिति बुझ्दै अन्तर्क्रिया गरे। जलवायु परिवर्तनका दुष्परिणाम रोक्न, हिमाल बचाउन र हिमनदी विस्फोटबाट जोगाउन विभिन्न ९ बुँदे घोषणापत्र जारी गर्दै सरकारको ध्यानाकर्षण गरिएको साथसाथैकी अध्यक्ष प्रजिता कार्कीले जानकारी दिइन्।

'हिमनदी फुटेर हेलम्बु, मेलम्ची होस् या थामेको पहिरोले ल्याएको विनाशपछि चिन्ता गर्ने मात्र होइन, पहिले नै सरकार सजग भई प्रकृति विनाशबाट जोगाउनुपर्छ भन्ने हाम्रो मुख्य जोड हो,' अध्यक्ष कार्कीले भनिन्।

### सगरमाथाको अवरुद्ध बाटो खुल्यो

सर्वोच्च शिखर सगरमाथा प्रस्थान गर्ने क्रममा हिउँको ढिस्कोले रोकिएको बाटो मंगलबारदेखि खुलेको छ।

सगरमाथा आधारशिविर र क्याम्प १ बीच ठूलो ढिस्कोले बाटो रोकिएपछि केही सातादेखि आरोहीहरू रोकिएका थिए। 'तत्काललाई बाटो खुलेको छ। आरोहीहरू अघि बढेका छन्। यद्यपि पूरै खतरामुक्त भने छैन,' खुम्बु पासाङल्हामु गाउँपालिका अध्यक्ष मिङ्मा छिरिङ शेर्पाले अन्नपूर्णलाई बताए।

## शक्तिशाली सरकार पनि अध्यादेशकै बाटोमा

### सार्वभौम संसद्को अपमान : कांग्रेस | संविधानको 'चिरहरण' : एमाले

**दिनेश गौतम** | *काठमाडौं*

झन्डै दुईतिहाइ जनमत प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले संसद् स्थगित गरी अध्यादेशमार्फत कानुन निर्माणको बाटोमा अघि बढेको छ। प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले संवैधानिकपरिषद् र सहकारी समस्यासम्बन्धी अध्यादेश ल्याउने निर्णय गरेको हो। सरकारले संवैधानिक परिषद् (काम, कर्तव्य र अधिकार) सम्बन्धी र सहकारी समस्या समाधानसम्बन्धी गरी दुईवटा अध्यादेश स्वीकृतिका लागि राष्ट्रपति कार्यालयमा पेस गरेको छ।

दुवै अध्यादेशलाई राष्ट्रपति रामचन्द्र पौडेलले अध्ययन गरिरहेको राष्ट्रपतिको कार्यालयले जनाएको छ। गत वैशाख ८ गते मन्त्रिपरिषद्ले गरेको सिफारिसअनुसार राष्ट्रपति पौडेलले संघीय संसदका दुवै सदनको अधिवेशन आह्वान गरेका थिए। वैशाख १७ गतेका लागि अधिवेशन आह्वान गरिएको थियो। उक्त अधिवेशन वैशाख १० गते मन्त्रिपरिषद्कै सिफारिसमा राष्ट्रपतिबाट स्थगित गरिएको थियो। सरकारले पर्याप्त तयारी नपुगेको उल्लेख गर्दै अधिवेशन स्थगित गर्नु परेको जनाएको थियो।

संवैधानिक कानुनका विज्ञहरू सरकारले संसद् अधिवेशन बोलाइसकेको अवस्थामा अध्यादेशको बाटो रोज्नु सामान्य कुरा नभएको बताउँछन्। 'सरकारको कदम सामान्य होइन,' संवैधानिक कानुनका विज्ञ प्राध्यापक पूर्णमान शाक्य भन्छन्, 'किन अध्यादेश जारी गर्नु परेको हो? बाध्यता के थियो? सरकारले जनतालाई जवाफ दिनुपर्छ।' संविधानविद् प्रा. डा. विपिन अधिकारी झन्डै दुईतिहाइको बलियो सरकार



संसदीय प्रक्रियामार्फत नै अघि बढ्नुपर्नेमा जोड दिन्छन्। 'अपवादको अवस्थामा मात्र अध्यादेश जारी गर्ने हो। संसदीय अधिवेशनको मुखमै आएर अध्यादेश जारी हुनुहुँदैन,' डा. अधिकारी भन्छन्, 'पर्खिन सक्ने परिस्थितिमा अध्यादेश जारी गरिनुहुँदैन। संसदीय प्रक्रियाअनुसार नै अघि बढ्नुपर्छ।'

प्रतिनिधिसभामा स्पष्ट बहुमत हुँदाहुँदै अध्यादेशको बाटो रोज्दा प्रतिपक्षी दलहरूले आपत्ति जनाएका छन्। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले दुईवटा अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेपछि विरोध जनाएको छ।

सरकारले संघीय संसद्को अधिवेशन अन्त्य गरेर अध्यादेश जारी गर्न सिफारिस गरेको विषयमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र नेकपा (एमाले) ले कडा आपत्ति जनाएका छन्। सरकारको यो कदमलाई प्रतिपक्षी नेताहरूले लोकतन्त्रको उपहास र संसद्को अपमान भनेका छन्।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संसद् बैठक स्थगित गराएर अध्यादेश ल्याउनुलाई सरकारको अलोकतान्त्रिक प्रवृत्तिका रूपमा चित्रण गरेका छन्। लोकतन्त्र प्रक्रिया मात्र नभई प्रवृत्ति पनि भएको उल्लेख गर्दै उनले संसद् छलेर अध्यादेशको बाटो रोज्नु दु:खद र गम्भीर रहेको बताए।

'मुलुकलाई तत्काल आवश्यक परेको खण्डमा मात्र अध्यादेश ल्याउने संवैधानिक प्रावधान भए पनि अहिले त्यस्तो कुनै आपत्कालीन अवस्था छैन,' आङ्देम्बेले भने, 'प्रमुख प्रतिपक्ष र अन्य दलहरूसँग परामर्श नगरी हतारमा अध्यादेश ल्याउन खोज्नु बलमिच्याइँ र सार्वभौम संसद्को अपमान हो।'

» बाँकी पृष्ठ ८